# धर्मदेवि नगरपालिकाकोआर्थिक ऐन, २०७५

नगरसभाबाट स्विकृत मिति :- २०७५।३।३२

प्रमाणीकरण मिति :- २०७५।०३।

**प्रस्तावना** :- धर्मदेवि नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयनको निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्न, छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८,२३० तथा धर्मदेवि नगरपालिका प्रशासकिय कार्यविधि नियमिति गर्ने ऐन २०७५ को दफा ३ बमोजिम धर्मदेवि नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यस ऐनको नाम "धर्मदेवि नगरपालिका आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि धर्मदेवि नगरपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(२) **घरजग्गा कर (संम्पति कर)** : धर्मदेवि नगरपालिका क्षेत्रभित्र अनुसूची (१.१) बमोजिम घरजग्गा कर लगाई असुल उपर गरिनेछ । सामान्यता आ.व. ०७५/०७६ देखि ०७७/०७८ सम्म मुलायाङ्कन, दरहरुको सशोधन गरिने छैन । तिन आर्थिक वर्ष सम्म कायम रहनेछ ।

(३) **भुमिकर (मालपोत)** :- धर्मदेवि नगरपालिका क्षेत्रभित्र अनुसूची (१.२) बमोजिम भुमिकर ( मालपोत) लगाइ असुल उपर गरिनेछ ।

(४) **बहाल कर** :- धर्मदेवि नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, सेड, जग्गा वा पोखरी पुरै वा आशिंक तबरले साथै अन्य कुनै आम्दानी हुने गरी बहालमा दिएकोमा अनुसूची (१.३) बमोजिम बहाल कर लगाइ असुल उपर गरिनेछ ।

(५) **व्यवसाय कर** :- धर्मदेवि नगरपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिषेश र लगानीका आधारमा अनुसूची (१.४) बमोजिम व्यवसाय कर लगाइ असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुल गर्दा बैंक तथा वित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ ।

(६) **जडीबुटी, कवाडी र जीबजन्तु कर सम्बन्धमा :-** नगर भित्र उत्पादन भै निकाशी हुने (वनपैदावार वस्तुको कर ,कानूनले निषेधित वाहेक मृत जिवजन्तुबाट मारिएका पशुको हाड सिङ छाला, कवाडीबाट प्राप्त कर  र कानूनले निषेधित वाहेक पंक्षी प्वाँख, कृषीजन्य पशु तथा चौपाया, स्वदेशमा स्थापना भएको उद्योगहरुले जे जस्तो अवस्थामा छ सोही रुपमा पुनः प्रयोग (Re Use) गर्ने, नगरभित्रका अरुणनदी र  खोलानालाहरुका ढुङ्गा, गिटी, ग्राभेल, रोडा, निजी खानीहरुबाट उत्खनन् गरी संकलन  गरे वापतको विक्री कर, आफ्नो नगरक्षेत्रभित्र अन्य गाउँपालिका तथा नगरपालिकाहरुबाट मालवाहक सवारी साधनहरुले ल्याएको विभिन्न मालवस्तुहरुको सेवा शुल्क) आदि । धर्मदेवि नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस, कवाडी माल र अन्य (प्रचलित कानुनले निषेधित गरेका बाहेक)मृत वा मारिएका जीबजन्तुको हाड, सिङ., प्वाखँ, छाला जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत अनुसूची (१.५) बमोजिमको कर लगाइ असुल उपर गरिनेछ ।

तर प्रचलित कानूनले निषेध गरिएकाको हकमा भने उल्लिखित ब्यबस्था लागू हुने छैन ।

(७) **सवारी साधन कर** :- सवारी साधन कर अनुसूची (१.६) बमोजिम लगाइ असुल उपर गरिनेछ ।

(८) **विज्ञापन कर** :- धर्मदेवि नगरपालिका क्षेत्रभित्र हुने सवै किसिमका विज्ञापनमा अनुसूची (१.७) बमोजिमको विज्ञापन कर लगाई असुल उपर गरिनेछ ।

(९) **मनोरञ्जन कर** :- धर्मदेवि नगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा अनुसूची (१.८) बमोजिमको मनोरञ्जन कर लगाइ असुल उपर गरिनेछ ।

१०) **बहाल बिटौरी शुल्क** :- धर्मदेवि नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख, वा सञ्चालन गरेका वा सार्बजनिक ऐलानी पर्ति जग्गा वा भबनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा विशेष मेला पर्वमा, पुर्जानभएका र  गुठी जग्गामा बनेका घरहरुमा समेत अनुसूची (१.९) मा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइ असुल उपर गरिनेछ ।

(११) **सवारी साधन पार्किङ्ग शुल्क** :- धर्मदेवि नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत अनुसूची (१.१०) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाइ असुल उपर गरिनेछ । साथै पार्किङ्ग व्यवसाय सञ्चालन गर्ने ब्यक्ति वा संस्थाले नगरपालिकाबाट पुर्ब अनुमति लिएको हुनुपर्नेछ ।

(१२) **ट्रेकिङ्ग र ऱ्याफ्टिङ्ग शुल्क :-** धर्मदेवि नगरपालिका क्षेत्रभित्र ट्रेकिङ्ग र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत अनुसूची (१.११) बमोजिम शुल्क लगाइ असुल उपर गरिनेछ ।

(१३) **<u>सेवा शुल्क दस्तुर</u>** :- धर्मदेवि नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (१.१२) मा उल्लिखित स्थानीय पुर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम शुल्क लगाई असुल उपर गरिनेछ ।

(१४) **<u>पर्यटन शुल्क</u>** :- धर्मदेवि नगरपालिकाले तोकेका स्थानहरुमा पर्यटक प्रवेश गर्दा अनुसूची (१.१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइ असुल उपर गरिनेछ ।

(१५) **<u>जरिवाना</u>** :- धर्मदेवि नगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय वा फोहरमैला गर्ने तथा प्रचलित कानुन बिपरीतका कार्य गर्नेलाई अनुसूची (१.१४) बमोजिम जरिवाना गरिनेछ । साथै खाँदबारी नगरपालिका, नगर कार्यपालिकाले समय समयमा यस ब्यबस्थामा थपघट तथा पुनराबलोकन गर्न सक्नेछ ।

(१६) **घरजग्गा रजिष्ट्रेशन शुल्क** :- धर्मदेवि नगरपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पत्तिहरुको रजिष्ट्रेशन गर्दा अनुसूची (१.१५) बमोजिम रजिष्ट्रेशन शुल्क लगाइ असुल उपर गरिनेछ ।

(१७) **<u>कर तथा शुल्क संकलन कार्यविधि</u>** :- यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐनसँग नबाझिने गरी खाँदवारी नगरपालिका, नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(१८) **<u>अन्य व्यवस्था</u>** :-(१) धर्मदेवि नगरपालिका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरीवानालाई सेवासँग आबद्ध गरी अनिबार्य असुल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ । (अन्य विविध सेवा शुल्क,दस्तुर कर अनुसूचि (१.१६) अनुसार हुनेछ ।

तर नागरीकताको सिफारीस तथा व्यक्तिगत घटना दर्ता गर्दा प्रतिबद्धतापत्र लिई सेवा प्रबाह गर्न भने बाधा पुगेको मानिने छैन ।

(१९) **<u>यसै ऐन बमोजिम भएको मानिने</u>** :- यो ऐन जारी हुन अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(२०) **<u>नियम वा कार्यविधि बनाउन सक्ने</u>** :- धर्मदेवि नगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ्

(२१) **<u>साबिक बमोजिम हुने</u>** :- यस ऐनमा उल्लिखित व्यवस्था यसै बमोजिम र उल्लिखित नभएको हकमा साबिक बमोजिम नै हुनेछ ।

(२२) **खारेजी** :- साविकमा धर्मदेवि नगरपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु यस ऐनसँग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछन् ।